शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार : बहुसांस्कृतिक, आवासीय समृद्ध सहर

# धरान उप-महानगरपालिका
# DHARAN SUB-METROPOLITAN CITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सामाजिक विकास महाशाखा

प.स. / letter No :२०८१/०८२
च.नं. / Ref No : ८०२४

धरान, सुनसरी
DHARAN, SUNSARI

कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal

विषय:- प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति:-२०८२।०१।२८

प्रस्तुत विषयमा यस धरान उपमहानगरपालिका सामाजिक विकास महाशाखाको आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रु, २,००,०००।– (अक्षरेपी दुई लाख) बजरेटबाट आ.व. २०८०/०८१ को लै.स.सा.स परिक्षण तथा प्रतिवेदन तयारी गर्नु पर्ने भएकोले यस धरान उपमहानगरपालिकाको कार्यालयमा सूचिकृत भएको परामर्शदाता फर्म तथा कम्पनीहरुले फर्म दर्ता, नविकरण र आ.व. २०८०।०८१ को कर चुक्ता र TOR बमोजिम कागजात सहित सूचना प्रकाशन मितिले ७ दिन कार्यालय समय भित्र रितपूर्वक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

*नोटः TOR धरान उपमहानगरपालिकाको वेवसाइटबाट डाउनलोड गर्न सकिने छ।*

२०८२/०१/२८

महिला विकास अधिकृत
आठौं तह

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण संचालन सम्बन्धी कार्यविवरण

(Term of Reference)

धरान उपमहानगरपालिका

सामाजिक विकास महाशाखा

धरान उपमहानगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण पररक्षण (GESI Audit) संचालन गने सम्बन्धमा

## १. पृष्ठभुमी

नेपालको शासकिय संरचना संघ, प्रदेश र स्थानीय गरी तिनै तह कार्यन्वयनमा आए पश्चात् संघीय संरचनामा रुपान्तरण भइ सबै तहमा आ—आफ्नो सरकार स्थापित भई संचालनमा रहेको अवस्था छ ।संघीयताको अवधारणा अनुरुप प्राप्त अधिकारको प्रयोग गर्दै स्थानीय तहहरुले आफ्नै नियम तथा बजरेटको निर्काण गर्दै आइरहेका छन्।यसै सन्दर्भमा स्थानीय तह अन्तर्गतका कार्यक्रम तथा आयोजनाहरूमा लैससास मार्गदर्शन कार्यान्वयनका लागि स्पष्ट संरचना एवम् उत्तरदायी बनाउन स्थानीय तहमा रहेका सामाजिक विकास शाखा/महाशाखाहरुलाई हरूलाई लैससास मार्गदर्शन कार्यान्वयन गर्न कार्यविवरण सहित जिम्मेवार बनाउने व्यवस्था रहेको।

नेपालको संविधान, संघीय शासन प्रणाली, दिगो विकास लक्षको मर्मका साथै देशको कानूनी प्रावधान र नेपाल राज्य पक्ष भएका मानवाधिकार र समावेशिता लगायतका विषय सम्वन्धी अन्तर्राष्ट्रिय सन्धी सम्झौता समेतको परिपालनाको सन्दर्भमा **स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन, २०७८** जारी गरिएको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का सवाललाई सम्बोधन गर्न मूलतः महिला, गरिब तथा वञ्चित समूहसमेत सबैका लागि जीविकोपार्जनका साधन तथा सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यक छ। विश्व परिवेशमा व्यक्तिको लैङ्गिक, शारीरिक क्षमता, बासस्थान, सम्पत्ति, शिक्षा, उमेर, जातजाति, वर्ण र यौनिकतामा आधारित सामाजिक पहिचान बमोजिम विद्यमान असन्तुलित शक्ति सम्बन्ध र असमानतालाई ध्यान दिँदै प्राथमिकताका आधारमा समुचित सुधार तथा समाधान गर्नु लैससासको लक्ष्य हो। यसै क्रममा नेपाल राज्य पनि विभेदरहित लैङ्गिक समानता तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय सोच एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढिरहेको छ । नेपाल सरकारले शहरी विकास मन्त्रालयमार्फत देशभर भवन, आवास तथा शहरी विकास एवम् स्थानीय पूर्वाधार निर्माण क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । लैससासको आवश्यकता र महत्वलाई महसुस गरी यस नीति, कार्यक्रम, सेवा तथा साङ्गठनिक संरचनालाई लैससासमैत्री र उत्तरदायी बनाउने कुरालाई आत्मसात् गरेर कार्यक्रम तथा आयोजनाहरूमा लैससास मूलप्रवाहीकरणका क्रियाकलाप सञ्चालन गर्नुका साथ महिला, विपन्न तथा वञ्चित समूह (मविवस) को अर्थपूर्ण सहभागितालाई पनि विशेष महत्व दिँदै आएको छ सोही कुरालाई मध्यनजर गरेर संविधान द्वारा परिकल्पना गरिएको समानता र समावेशितामा

अम्बिका प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

आधारित समाज निर्माण गर्न स्थानीय सरकारको प्रणाली, प्रक्रिया तथा संरचनालाई लैंगिक समानता तथा सामाजिक समवेशिकरणको दृष्टिकोणबाट संवेदनशील एवम उत्तरदायी बनाउन आवश्यक देखिन्छ।

## २. औचित्य

नेपालको संविधानको प्रस्तावनामानै लैंगिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। महिलाको हक र समानताको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था गरेको छ। त्यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकारमा तथ्याङ्क अद्यावधिक तथा खण्डिकृत तथ्याङ्क संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैंगिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको छ। स्थानीय तहको योजना तर्जुमा तथा कार्यन्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चितगर्दै महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाईष प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवद्र्धन गर्ने व्यवस्था गरिएको छ।

संविधानले प्रदान गरेको अधिकारको प्रयोग गर्दै स्थानीय सरकार द्वरा संचालन हुनै नीति, योजना काक्र्म  सेवाप्रवाह र संरचनालाई लैससास संवेदनशिल, उत्तरदायी बनाउनका लागि कानूनी प्रावधान तथा राज्यले अन्तराष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनसार कार्य गर्न एवंम स्थानीय सरकार संचालन ऐन, २०७४ कमा भएको व्यवस्था अनुसार धरान उपमहानगरपालिकाको लैंगिक तथा सामाजिर्क समावेशी विकासलाई प्रवद्र्धन गर्नका लागि लैससास परिक्षण गर्ने उद्धेश्यले यो कार्य शर्त तयार गरिएको हो।

## ३. उद्देश्यहरु

यस क्रियाकलापको मुख्य उद्धेश्य लैससास मुल प्रबाहिकरणका लागि धरान उपमहानगरपालिकले लिएका नीति, कार्यक्रम, बजेट, आयोजना, काम गर्ने वातावरण, कार्य संस्कृतिको संस्थागत अवस्था परिक्षण गरी लैससासलाई संस्थागत रुपमा सबल र सक्षम बनाउन सहयोग पुऱ्याउनु हो। यसका साथै लैससासको अवधारणा अनुसार यसको प्रयोगमा सरलीकृत रुपमा स्थानीयकरण गरी स्थानीय सरकारले गर्ने सम्पुर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक तथा

अम्बिका प्रसाद चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत

मानविय श्रोतको सुनिश्चित र उपलब्धिको समीक्षात्मक विवरण गर्नु रहेको छ। यस क्रियाकलापको विशिष्ट उद्धेश्यहरु निम्नलिखित छन्।

- स्थानीय तहको लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण भए नभएको तथा लैससास आन्तरिकिकरणको लागि प्रयास र प्रतिवद्धताको मुल्याङ्कन गर्ने।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्यलाई स्थानीय तहको संरचना, नीतिगत, रणनीति र कार्ययोजनाहरुमा विशेष प्राथमिकताका साथ स्थान दिने र आवश्यक आर्थिक तथा मानविय श्रोतको सुनिश्चित गर्ने।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय तहमा संस्थागत गर्न आवश्यक सिफारिस गर्ने।

## ४. कार्यविधि

नेपालको संववधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, १५ औं राष्ट्रिय योजना, दिगो विकास लक्ष्य, लैंगिक समानता सामाजिक समावेशिकरणमा भएका विभिन्न व्यवस्थाहरुलाई मध्यनजर गर्दै **स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन,** २०७८ बमोजिम परिक्षण गर्नुपर्ने छ। सुचक र उपसुचक अनुसार अंकभार दिने बेला योजना तर्जुमा देखी कार्यन्वयन, अनुगमण तथा मुल्याङ्कन र प्रभाव सम्मको विष्लेषण गर्नु पर्ने छ। सुरु छलफल पश्चात अंक प्रदान गर्दा विशेषत महिला र बन्चितिकरणमा परेका समुहहरुको प्रतिनिधित्व हुने गरी सम्पुर्ण सरोकारवलाहरुको सहभागितामा अंक भार दिनुपर्ने छ।

## ५. परामर्शदाता टोली

यस कामको लागि परामर्श टोलिमा २ जना परामर्शदाता र १ जना सहयोगी रहनेछन।

## ६. परामर्शदाताको योग्यता र अनुभव

शैक्षिक योग्यता: परामर्शदाताको शैक्षिक योग्यता लैंगिक अध्ययन, समाजशास्त्र, कानुन वा अन्य सम्बन्धित विषयमा स्नातकोत्तर गरेको हुनुपर्नेछ।

अनुभवः

- परामर्शदाताको अनुभव कम्तीमा ५ वर्ष लैंगिक समानता तथा सामाजिक समावेशीकरण, संघीयता र सुशासन सम्बन्धी क्षेत्र तथा परामर्श क्षेत्रमा काम गरेको।

अम्बिका प्रसाद चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरेको, लैससास सम्बन्धी कार्यक्रम, अन्तर्क्रिया, छलफंल तथा तालिम कार्यक्रम संचालन गरेको।
- नेपाल सरकारको लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, योजना तथा कार्यक्रम बारे बृहत ज्ञान भएको।
- संघीय शासन प्रणाली एवं संचालन प्रकृया तथा नेपालले लैससासमा गरेका अन्तराष्ट्रिय प्रतिबद्धताको बारेमा प्रष्ट जानकारी भएको।

७. परामर्शदाताको भुमिका तथा जिम्मेवारी

- धरान उपमहानगरपालिका संग समन्वय गरी परिक्षणको मिति र समय तोक्ने।
- स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन, २०७८ कार्यदल गठन गर्ने।
- लैससास गर्दा गत आ.व. मा सम्पन्न गरेका कार्यक्रमहरुको गर्नु पर्ने छ।
- स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन, २०७८ बमोजिम गर्नुपर्ने।
- स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन, २०७८ ले तोके बमोजिम अंकभार प्रदान गर्ने।
- नियमानुसार प्रतिबेदन तयार गरी प्रणालिमा अपलोड गर्ने।

८. समयावधीः

यस कामको लागि सुरुको समन्वय, तयारी, सुरु अभिमुखीकरण, परिक्षण, अंक प्रदान, अन्तिम छलफल तथा प्रतिवेदन तयार गरी कार्यालयलाई हस्तान्तरणको समयावधि सम्म जम्मा २० दिनको हुनेछ।

अम्बिका प्रसाद चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत